धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५० भाईवरमा SMS मात्र गर्नुहोस् "हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३५६ ◆ २०८३ असार २८ गते आइतबार, Sunday, July 12, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## विभिन्न स्थानबाट लागुऔषधसहित २८ जना पक्राउ

काठमाडौं । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित २८ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार पक्राउ पर्नेहरूबाट खैरो हेरोइन, गाँजा, चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने नोर्फिन, डाइजेपाम, फेनारगन, ट्रामाडोल, स्पास्मेन र प्रेगाब्लिन लगायत विभिन्न प्रकारका लागुऔषध बरामद गरिएको छ । उनीहरूलाई काठमाडौं, पर्सा, दाङ, सङ्खुवासभा, कैलाली, उदयपुर, ललितपुर, सुनसरी, धनगढी र मकवानपुरबाट शुक्रबार र शनिबार पक्राउ गरिएको हो । पक्राउ परेका सबैमाथि सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट लागुऔषध सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

## पर्यटन, कृषि र स्थानीय उद्योग प्रवर्द्धनमा जोड

भोजपुर । टेम्केमैयुङ गाउँपालिकाले मुन्दुम पदमार्गसहित समग्र पर्यटन क्षेत्रको दिगो विकासका लागि 'समुदायमा आधारित पर्यटन नीति-२०८३' पारित गरेको छ ।

पालिका अध्यक्ष सरोज बस्नेतका अनुसार मुन्दुम पदमार्गसँगै गाउँपालिकाको क्षेत्राधिकारका अन्य पर्यटकीय गन्तव्यको योजनाबद्ध विकास, पूर्वाधार विस्तार र प्रवर्द्धन गरिने छ ।

उहाँले भन्नुभयो, "मुन्दुम पदमार्गसँगै अन्य सम्भावनायुक्त स्थलको पहिचान, संरक्षण र प्रवर्द्धनमार्फत स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने लक्ष्य छ ।" पर्यटनसँग प्रत्यक्ष जोडिएका स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले गाउँसभाले 'स्थानीय मदिरा उत्पादन, बिक्री तथा नियन्त्रण सम्बन्धी विधेयक' पनि पारित गरेको छ । साना तथा घरेलु उद्योगलाई व्यवस्थित रूपमा सञ्चालन गर्न त्यसो गरिएको उहाँ बताउनुहुन्छ ।

महिला तथा युवालाई आय-आर्जनसँग जोड्ने गरी कार्यक्रम कार्यान्वयन गरिने पालिकाले बताएको छ ।

पालिकाले 'सिँचाइ विधेयक' पनि पारित गरेको छ । साथै, पालिकाले चालु आवमा ८७.०७ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जनाएको छ ।

## समुदाय-प्रहरी साझेदारी कार्यक्रमबाट २१ हजारभन्दा बढी लाभान्वित

धरान । सुनसरीमा समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी भएको पाइएको छ ।

चालु आर्थिक वर्षको असार २४ गतेसम्म सञ्चालन भएका ६६५ समुदाय-प्रहरी साझेदारी कार्यक्रमबाट २१ हजार ३९० नागरिक प्रत्यक्ष लाभान्वित भएका छन् । सोही अवधिमा अपराध अनुसन्धान, शान्तिसुरक्षा, फैसला कार्यान्वयन, विपद् व्यवस्थापन, उजुरी फछ्र्यौट तथा प्रविधिमैत्री सेवा प्रवाह पनि प्रभावकारी रूपमा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उक्त कार्यालयका प्रमुख केशव कुमार थेबेले समुदाय-प्रहरी साझेदारी कार्यक्रममार्फत अपराध नियन्त्रण, चेतना अभिवृद्धि तथा प्रहरी र समुदायबीचको सम्बन्ध सुदृढ बनाउन सफलता मिलेको बताउनुभयो । लागुऔषध ओसारपसार नियन्त्रण, 'साइबर' अपराध, घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रण, मानव बेचबिखन, बालविवाह तथा बाल यौन दुर्व्यवहारविरुद्ध ७२ विद्यालयमा सञ्चालन गरिएका सचेत नामूलक कार्यक्रमबाट चार हजार १८५ विद्यार्थी लाभान्वित भएका छन् ।

सो अवधिमा रु. तीन करोड ४८ लाख ९१ हजार ५११ राजस्व सङ्कलन गरिएको छ । नदीजन्य सामग्रीको उत्खनन तथा ओसारपसार नियन्त्रणबाट रु. आठ लाख ४४ हजार ९०० राजस्व असुली गरिएको छ ।

सवारी नियम पालना नगर्ने सवारीचालकबाट रु. तीन करोड ५७ लाख ३६ हजार ४११ राजस्व सङ्कलन भएको बताउनुभयो । यसैगरी, प्रशासनसमक्ष परेका उजुरीमध्ये चार हजार २६८ चार हजार १२४ वटा निरुपण गरिएको छ । फरार रहेका ६७१ प्रतिवादीमध्ये चार सय ८० जनालाई पक्राउ गरी अदालतको निर्णय कार्यान्वयन भएको छ ।

## गण्डकी प्रदेशमा पूर्वाधार विकासका काममा गति

गोरखा । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशभित्र पूर्वाधार विकासका कामले गति लिएको बताउनु भएको छ । गोरखाको शहीद लखन गाउँपालिका-१ र गोरखा नगरपालिका-१२ जोड्ने लुदीखोला मोटरवेल पुलको शनिबार उद्घाटन गर्दै उहाँले निर्धारित समयमा विकास निर्माणका आयोजना सम्पन्न हुनु सुशासनको पहिलो जग भएको बताउनुभयो ।

गोरखाको रणनीतिक ग्रामीण सडकखण्डको रुपमा रहेको स्याउली बजार-भट्ट फाँट-मनकामना सडकखण्डमा नवनिर्मित मोटरेवल पुल निर्माण सुरु भएको आठ महिनाभित्रै काम सक्नुले पनि सकारात्मक सन्देश दिएको मुख्यमन्त्री पाण्डेको भनाइ छ । "विकास निर्माणका आयोजनाहरू वर्षौं अलपत्र पर्ने परिपाटीका बीच निर्धारित समय अघि काम सम्पन्न हुनु निर्माण व्यवसायी, पूर्वाधार विकास कार्यालय, प्राविधिक टोली तथा सबै पक्षको प्रतिबद्धता, समन्वय र कार्य क्षमताको उत्कृष्ट उदाहरण हो", उहाँले भन्नुभयो, "वर्तमान प्रदेश सरकारको सुशासन र विकासप्रतिको प्रतिबद्धता पनि यहीं हो ।"

कार्यालयले पुल निर्माणका लागि गणेशकुण्ड इन्फ्रास्ट्रक्चर एण्ड बिल्डर्स प्रालिसँग रु सात करोड ५१ लाख ३० हजार ८५९ मा पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो ।

# नीलकण्ठ क्याम्पसको नीति तथा कार्यक्रमः शैक्षिक गुणस्तर, अनुसन्धान र डिजिटल प्रणाली प्राथमिकतामा

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । नीलकण्ठ बहुमुखी क्याम्पसले आगामी आर्थिक वर्षमा शैक्षिक गुणस्तर सुधार, अनुसन्धान प्रवर्द्धन, प्रशासनिक डिजिटल रूपान्तरण, भौतिक पूर्वाधार विस्तार र विद्यार्थी कल्याणलाई प्राथमिकता दिने भएको छ ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष शम्भुकुमार श्रेष्ठको अध्यक्षतामा भएको क्याम्पस सभाको आठौं बैठकमा क्याम्पस प्रमुख डा. मुरारी अधिकारीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । प्रस्तुत नीति तथा कार्यक्रममा विद्यार्थी भर्ना वृद्धि, शिक्षण-सिकाइ सुधार, अनुसन्धानलाई संस्थागत गर्ने र प्रशासनिक कामलाई प्रविधिमा आधारित बनाउने योजना समेटिएको छ ।

क्याम्पसले विद्यार्थी भर्ना दर बढाउन विशेष अभियान सञ्चालन गर्ने जनाएको छ । शिक्षक र विद्यार्थीबीचको सिकाइमा देखिएका कमजोरी पहिचान गरी सुधारात्मक कार्यक्रम सञ्चालन गर्ने तथा नियमित निर्माणात्मक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने नीति लिइएको छ । आन्तरिक परीक्षा प्रणालीलाई थप व्यवस्थित बनाउनुका साथै आन्तरिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन समितिमार्फत प्रत्येक तीन महिनामा अनुगमन र वार्षिक रूपमा शैक्षिक परीक्षण गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ । परीक्षणबाट प्राप्त नतिजाका आधारमा शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

अनुसन्धान तथा नवप्रवर्तनलाई संस्थागत गर्न क्याम्पसको अनुसन्धान व्यवस्थापन समितिलाई थप सक्रिय बनाइने भएको छ । स्थानीय आवश्यकता र समस्यामा आधारित प्रमाणमुखी अनुसन्धानलाई प्राथमिकता दिने तथा चालु आर्थिक वर्षदेखि विज्ञ समीक्षा गरिने 'पियर रिभ्यु जर्नल' प्रकाशन गर्ने योजना प्रस्तुत गरिएको छ । प्रत्येक शिक्षकलाई कम्तीमा एउटा अनुसन्धानमूलक लेख तयार गरी प्रकाशन गर्न प्रोत्साहन गर्ने र त्यसका लागि अनुभवी अनुसन्धानकर्ताबाट मार्गदर्शन उपलब्ध गराउने कार्यक्रम पनि नीतिमा समेटिएको छ । क्याम्पसले राष्ट्रियस्तरको शैक्षिक सम्मेलन आयोजना गर्ने योजना अघि सारेको छ ।

नीति तथा कार्यक्रममा भौतिक र प्रविधिमैत्री पूर्वाधार विस्तारलाई पनि प्राथमिकता दिइएको छ । थप जग्गा प्राप्तिका लागि पहल गर्ने, आधुनिक छात्रावास निर्माण गर्ने, सभाहल स्तरोन्नति गर्ने, स्मार्ट कक्षाकोठा विस्तार गर्ने र डिजिटल स्टुडियो स्थापना गर्ने योजना प्रस्ताव गरिएको छ ।

क्याम्पसका प्रशासनिक कामलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गर्दै कागजरहित कार्यालय सञ्चालन गर्ने लक्ष्य राखिएको छ । ई-गभर्नेन्स प्रणाली कार्यान्वयन गरी सेवा प्रवाहलाई छिटो, व्यवस्थित र पारदर्शी बनाउने नीति क्याम्पसले लिएको छ । संस्थागत सुशासनका लागि सञ्चालक समितिको नियमित बैठक गर्ने, पारदर्शी वित्तीय व्यवस्थापन प्रणाली लागू गर्ने र प्रत्येक तीन महिनामा प्रगति प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाबाट आउने सुझाव तथा गुनासोको सुनुवाइका लागि व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइने जनाइएको छ ।

क्याम्पसले स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्था र विभिन्न विश्वविद्यालयसँग सहकार्य विस्तार गर्ने योजना पनि अघि सारेको छ । अनुसन्धान, विद्यार्थी इन्टर्नसिप, सामुदायिक कार्यक्रम तथा शिक्षक-विद्यार्थी आदानप्रदानका लागि सम्बन्धित निकायसँग समझदारीपत्र गर्ने कार्यक्रम समेटिएको छ । शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि आधुनिक शिक्षण विधि, सूचना प्रविधि र प्रशासनिक व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिने भएको छ । शिक्षक तथा कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी त्यसका आधारमा मूल्याङ्कन गर्ने र राम्रो कार्यसम्पादन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । विद्यार्थी केन्द्रित कार्यक्रम अन्तर्गत गरिब तथा जेहेन्दार विद्यार्थीलाई सहयोग गर्न छात्रवृत्ति कोष स्थापना गर्ने योजना छ । अतिरिक्त क्रियाकलाप विस्तार गर्नुका साथै ड्राइभिङ, लेखा, शिक्षक सेवा आयोग र लोक सेवा आयोगको तयारीलगायत सीपमूलक तथा रोजगारीमुखी तालिम सञ्चालन गरिने भएको छ । विद्यार्थीका शैक्षिक, व्यावसायिक तथा व्यक्तिगत समस्या समाधानमा सहयोग पुऱ्याउन विद्यार्थी परामर्श इकाइलाई सक्रिय बनाइने नीति कार्यक्रममा उल्लेख छ । सभामा क्याम्पस प्रमुख डा. अधिकारीले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदनसमेत प्रस्तुत गरेका थिए । प्रतिवेदनमा शैक्षिक, प्रशासनिक तथा भौतिक पूर्वाधारका क्षेत्रमा भएका काम र आगामी योजनाबारे जानकारी गराइएको थियो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य तथा संसदीय सुनुवाइ समितिका संयोजक बोधनारायण श्रेष्ठले क्याम्पसलाई राष्ट्रियस्तरमा पहिचान हुने शैक्षिक संस्थाका रूपमा विकास गर्न सबै पक्षबीच साझा प्रतिबद्धता आवश्यक रहेको बताए । उनले क्याम्पसको दीर्घकालीन विकासमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । पूर्वकृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले क्याम्पसको दीर्घकालीन विकासका लागि आवश्यक जग्गा व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने बताए। संघ, प्रदेश र स्थानीय सरकारसँगै सञ्चालक समिति तथा सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको उनको भनाइ थियो ।

## ट्रमा सेवा विस्तार र दुर्घटना उपचार सहज बनाउन प्रदेश सरकारको प्रतिबद्धता

काठमाडौं । बागमती प्रदेश सरकारले सवारी दुर्घटनापछि घाइतेको उपचारलाई सहज बनाउन सरकारी अस्पतालमा ट्रमा सेवा विस्तार गर्ने, ट्रमा सेन्टरको क्षमता अभिवृद्धि गर्ने तथा आवश्यक कानुनी र नीतिगत व्यवस्था मिलाउने प्रतिबद्धता जनाएको छ ।

नेपाल यातायात व्यावसायिक राष्ट्रिय महासङ्घका केन्द्रीय अध्यक्ष सरोज सिटौलाको नेतृत्वमा गएको प्रतिनिधि मण्डलसँग शनिबार भएको छलफलमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सार्वजनिक यातायात क्षेत्रमा देखिएका समस्याको दीर्घकालीन समाधानका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको महासङ्घले जनाएको छ ।

मुख्यमन्त्री बानियाँले दुर्घटनामा मृत्यु हुनेका परिवारलाई उचित क्षतिपूर्ति सुनिश्चित गर्ने, घाइतेको उपचारलाई सहज बनाउने तथा सम्बन्धित निकाय र यातायात व्यवसायीसँग समन्वय गरी आवश्यक सुधार अघि बढाइने विश्वास व्यक्त गर्नुभयो । उहाँले दुर्घटनापछि घाइतेको प्राथमिक उपचार सरकारी अस्पतालमै सुनिश्चित गर्ने दिशामा आवश्यक कानुनी तथा नीतिगत पहल गरिने पनि बताउनुभयो ।

महासङ्घले विशेषगरी काठमाडौं उपत्यकामा बढ्दो ट्राफिक जाम, दुर्घटनापछिको क्षतिपूर्ति वितरण प्रक्रिया तथा घाइतेको उपचारसँग सम्बन्धित समस्या समाधानका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराएको थियो ।

महासङ्घका अध्यक्ष सिटौलाले हालको बिमा व्यवस्थाअनुसार घाइतेको उपचार खर्च अधिकतम रु तीन लाखसम्म मात्र उपलब्ध हुने भएकाले महँगा निजी अस्पतालमा उपचार गराउँदा व्यवसायी र पीडित दुवै आर्थिक रूपमा समस्यामा पर्ने गरेको बताउनुभयो । उहाँले ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने, दुर्घटनापछिको उपचार प्रणाली सुधार गर्ने र क्षतिपूर्ति वितरण प्रक्रियालाई व्यावहारिक तथा समयानुकूल बनाउन प्रदेश सरकारले आवश्यक समन्वय गर्नुपर्नेमा जोड दिनुभयो । सिटौलाले यात्रुले तोकिएको स्थानबाट अनिवार्य रूपमा टिकट लिएर मात्र यात्रा गर्ने व्यवस्थाका वातावरण निर्माण गरिदिन पनि आग्रह गर्नुभयो ।

मुख्यमन्त्री बानियाँले बागमती प्रदेश सङ्घीय राजधानी रहेको प्रदेश भएकाले देशभरका ६० प्रतिशतभन्दा बढी सवारी साधनको चाप यहीं रहने उल्लेख गर्दै ट्राफिक सुधार, दुर्घटना न्यूनीकरण र यात्रुको सुरक्षित आवागमन सुनिश्चित गर्न प्रदेश सरकार निरन्तर सक्रिय रहने बताउनुभयो ।

सम्पादकीय ....

## कुरा संविधान संशोधनको

नेपालको संविधान एउटा लोकतान्त्रिक संविधान हो, जसले संविधानवादका सिद्धान्त र मूल्यहरूलाई अंगीकार गरेको छ । यो जनताले आफ्ना प्रतिनिधिहरूबाट जनताका नाममा बनाएको संविधान पनि हो । संविधानवाद प्रजातान्त्रिक शासनको आधार हो, जुन संविधानको दर्शन पनि हो । यसले उत्तरदायी शासन व्यवस्थाको परिकल्पना गर्छ । संविधानवाद सीमित सरकारको अवधारणा हो । सीमित सरकार भनेको कानुनको सीमामा बाँधिएको सरकार हो । जहाँ सरकार कानुनको सीमामा बाँधिएको हुन्छ, त्यहाँ नागरिकहरू स्वतन्त्र हुन सक्छन् । त्यसैले संविधानवादलाई प्रजातान्त्रिक शासन व्यवस्थाको गहनाका रूपमा लिने गरिन्छ । संविधानवाद स्वेच्छाचारिता र निरंकुशताविरोधी मत हो । यसले शक्ति प्रयोगका आधार र सीमा निर्धारण गर्छ र नागरिक अधिकारको पक्षपोषण गर्छ । त्यसैले संविधानवादलाई संविधानको आदर्श पनि भन्ने गरिन्छ ।

वर्तमान सरकार गठनलगत्तै प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा संविधान संशोधन बहसपत्र तयारी कार्यदल गठन भएको छ । कार्यदलको म्याद असार मसान्तसम्म छ । कार्यदलले विगत केही महिनादेखि विभिन्न राजनीतिक व्यक्ति तथा संविधान कार्यान्वयनमा प्रत्यक्ष जोडिएका प्रशासनिक एवं संवैधानिक कानुनका विज्ञ, कानुनविद्हरू, पूर्वन्यायाधीशहरू र अन्य सम्बद्ध निकायसँग परामर्श गरिरहेको छ ।

अहिले मूल प्रश्न भनेको के संविधान संशोधन कार्यदलले संविधानवादको मूल मर्मको सम्मान गर्ला ? संविधान संशोधनमा विचार गरिनुपर्ने संविधानवादका संशोधनीय विषय के के हुन् ? भन्नेजस्ता केही जिज्ञासा जनमानसमा छन् ।

संविधान राज्य व्यवस्था सञ्चालन गर्ने नियमहरूको मूल संग्रह हो । संविधानलाई कुनै पनि मुलुकको प्रमुख राजनीतिक तथा कानुनी दस्तावेज पनि भनिन्छ । संविधानको सिद्धान्त र मूल्य मान्यतामा रही सरकारका गतिविधिहरू सञ्चालित हुनु नै संविधानवाद हो । संविधानको सम्मान, संवैधानिक मर्म र भावनाको पालना, लोकतान्त्रिक प्रणाली, नागरिक स्वतन्त्रता र अधिकारको रक्षा गर्ने प्रणालीको विकास संविधानवादले गर्छ ।

नागरिकमा ३१ वटा मौलिक हक अधिकारहरू प्रत्याभूत गरिएको छ, जसमा नागरिक तथा राजनीतिक अधिकारका अलावा आर्थिक तथा सामाजिक अधिकारसमेत समेटिएको पाइन्छ ।

न्यायपालिका स्वतन्त्र, सक्षम र निष्पक्ष रूपमा कार्य गर्न सक्ने गरी स्थापना गरिएको छ । नागरिक हक अधिकार संरक्षण गर्न सक्ने गरी असाधारण अधिकार तथा रिट क्षेत्राधिकार प्रदान गरेको छ । १३ वटा संवैधानिक निकायहरूलाई निगरानीमूलक भूमिका प्रदान गरिएको छ । सरकारलाई राजनीतिक तथा कानुनी रूपमा सीमित, नियन्त्रित र व्यवस्थित गर्ने प्रबन्ध गर्दै संविधानले राजनीतिक, आर्थिक एवम् सामाजिक रूपान्तरणको आधार प्रदान गरेको छ । नागरिक अधिकारलाई विस्तार गरी शासनमा जनताको अधिक सहभागिताको अपेक्षा राखेको छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# आँपको सुगन्धले चिनिएको श्रीपुर गाउँ

❑ *राजु विश्वकर्मा*

गर्मीयाम सुरु हुनासाथ सप्तरीको सुरुङ्गा नगरपालिका-६ स्थित श्रीपुर गाउँको हावा नै आँपको सुगन्धले भरिन थाल्छ । हरियालीले ढाकिएका बगैँचामा लटरम्म झुन्डिएका पहेँलपुर आँप, बोटमुनि व्यस्त किसान र गाउँमै आइपुग्ने व्यापारीको भीडले श्रीपुरको दैनिकी फेरिदै गएको छ । यही दृश्यले अहिले श्रीपुरलाई 'आँपको गाउँ'का रूपमा छुट्टै पहिचान दिलाइरहेको छ ।

पूर्व-पश्चिम राजमार्ग हुँदै सिरहाको लहानबाट करिब आठ किलोमिटर पूर्व र त्यहाँबाट चुरे क्षेत्रतर्फ करिब एक किलोमिटर उत्तर लागेपछि पुगिने यो गाउँमा आँप केवल फल मात्र होइन, यहाँका बासिन्दाहरुको जीवनको आधार हो । यहाँका अधिकांश परिवारको आयआर्जन, शिक्षा, रोजगारी र आर्थिक गतिविधिको केन्द्रबिन्दु नै आँप खेती बनेको छ ।

गाउँका प्रायः हरेक घरसँग जोडिएका साना-ठूला बगैँचामा माल्दह, दशहरी, लङ्डा, चौँसा, बम्बई र अम्रपालीलगायतका जातका आँप फल्छन् । यस गाउँका अधिकांश किसानले दशकौँदेखि आँप खेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । साना-ठूला बगैँचासहित धेरै किसानले व्यावसायिक रूपमा सयौँ बोट आँप लगाएका छन् । यहाँ माल्दह, दशहरी, लङ्डा, बम्बई, चौँसा, अम्रपालीलगायतका जातका आँप उत्पादन हुन्छन् । अनुकूल हावापानी, उर्वर माटो र किसानको अनुभवका कारण यहाँको आँप स्वाद, मिठास र गुणस्तरका हिसाबले बजारमा लोकप्रिय मानिन्छ ।

गर्मी सुरु भएसँगै श्रीपुरका बगैँचामा व्यापारीको चहलपहल बढ्ने गर्छ । व्यापारी गाउँमै पुगेर बोटबाटै आँप खरिद गर्छन् र त्यसपछि उत्पादन जनकपुरधाम, राजविराज, विराटनगर, काठमाडौँलगायतका बजारमा पुग्ने गरेको छ ।

उत्पादन राम्रो भएका वर्षमा यहाँको आँप भारतीय सीमावर्ती बजारसम्म पनि निर्यात हुने गरेको स्थानीय किसान दिनेश चौधरी बताउनुहुन्छ ।

उहाँका अनुसार आँप खेतीले गाउँमा नगद आम्दानी भित्र्याउनुका साथै सयौँ स्थानीयलाई मौसमी रोजगारी उपलब्ध गराएको छ । आँप टिप्ने, वर्गीकरण गर्ने, प्याकिङ गर्ने र बजारसम्म पुर्‍याउने काममा परिवारका सदस्यदेखि स्थानीय युवासम्मको सक्रिय सहभागिता रहने गरेको छ ।

स्थानीय किसान जगदीश चौधरीका अनुसार आँप खेतीले गाउँको सामाजिक सम्बन्धलाई पनि बलियो बनाएको छ । बगैँचा संरक्षणदेखि फल सङ्कलन र ढुवानीसम्मका काममा सामूहिक श्रम र सहकार्यको संस्कृति विकास भएको उहाँको भनाइ छ । पछिल्लो डेढ दशकदेखि व्यावसायिक रूपमा आँप खेती गर्दै आएका किसान चौधरीले यसवर्ष करिब सात लाख रुपैयाँ आम्दानी हुने अपेक्षा गर्नुभएको । "एक वर्षमै पाँचदेखि सात लाख रुपैयाँसम्मको आँप उत्पादन हुन्छ भन्ने विश्वास नै थिएन," उहाँ भन्नुहुन्छ, "उत्पादन बढेपछि थप दुई बिघा क्षेत्रमा आँप विस्तार गर्ने योजना बनाएको छु ।" उहाँले आँप बिक्रीबाट पक्की घर निर्माण गर्नुका साथै आफ्ना छोराछोरीलाई निजी विद्यालयमा अध्ययन गराउन सफल भएको बताउनुहुन्छ । उहाँका अनुसार आँप खेतीले परिवारको आर्थिक अवस्था उल्लेखनीय रूपमा सुधार भएको छ ।

स्थानीय किसान रामवीर चौधरीले यस वर्ष आँपको राम्रो उत्पादन हुने अपेक्षामा थप बगैँचा खरिद गर्नुभएको थियो । तर असिना र हुरीका कारण अपेक्षाभन्दा कम उत्पादन भएको उहाँको भनाइ छ । "मौसमले साथ दिएको भए यसवर्ष १२/१३ लाख रुपैयाँभन्दा बढीको आँप उत्पादन हुने थियो," उहाँ भन्नुहुन्छ, "बजारमा मूल्य केही घटेपनि यस वर्ष घाटा भने नलागेको उहाँको कथन छ ।

गतवर्ष उत्पादन कम भएकाले आँपको मूल्य उच्च रहेको स्मरण गर्दै किसान सञ्जीव चौधरीले यस वर्ष उत्पादन बढेपछि मूल्य घटेको बताउनुहुन्छ "उत्पादन धेरै भएपछि सस्तो मूल्यमा बिक्री गर्नुपर्‍यो, तर घाटा भने भएन," उहाँले भन्नयो ।

श्रीपुरका अधिकांश परिवारको नगद आम्दानीको मुख्य आधार नै आँप बिक्री हो । कतिपय परिवारले यही आम्दानीबाट आफ्ना छोराछोरीको शिक्षा, स्वास्थ्य र दैनिक खर्च धान्दै आएका छन् । यद्यपि आँप खेती चुनौतीरहित छैन् । असिना, हुरी, लामो खडेरी तथा असमयको वर्षाले उत्पादनमा प्रत्यक्ष असर पार्ने गरेको किसानको अनुभव छ । रोग-कीराको प्रकोप, आधुनिक भण्डारण सुविधाको अभाव, प्रशोधन उद्योग नहुनु र बजार मूल्यमा हुने उतारचढावले किसानको आम्दानीलाई अझै अस्थिर बनाइरहेको किसानहरुको भनाइ छ ।

कृषि विज्ञ दिनेश यादवका अनुसार श्रीपुरमा आधुनिक बगैँचा व्यवस्थापन, सिँचाइ विस्तार, कोल्ड स्टोर, प्याकिङ केन्द्र तथा आँप प्रशोधन उद्योग स्थापना गर्न सके यस क्षेत्रको आर्थिक सम्भावना उल्लेखनीय रूपमा बढ्न सक्छ । आँपबाट जुस, पल्प, अचार, सुकुटी आँपलगायत मूल्य अभिवृद्धि भएका उत्पादन विकास गर्न सके किसानको आम्दानी बढ्नुका साथै स्थानीय स्तरमै रोजगारी सिर्जना हुने उहाँको भनाइ छ । किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैँचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि हावाहुरी र रोग-कीराको प्रकोपका कारण यसवर्ष उत्पादन घटेको कृषि विज्ञ यादवले बताउनुभयो ।

पछिल्ला वर्षमा श्रीपुरलाई 'आँपको गाउँ' का रूपमा प्रवर्द्धन गर्ने प्रयास पनि तीव्र बन्दै गएको छ । सरकार पनि सप्तरीलाई आँप पकेट क्षेत्रको रुपमा विकास गर्न थालेको छ । बगैँचा अवलोकन, स्थानीय उत्पादनको प्रदर्शनी र कृषि पर्यटनसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न सके श्रीपुरले राष्ट्रियस्तरमा छुट्टै पहिचान बनाउन सक्ने सुरुङ्गा नगरपालिका-६ का वडाध्यक्ष दिनेशकुमार राम बताउनुहुन्छ ।

उहाँका अनुसार प्राकृतिक सौन्दर्य, हरियाली र स्वादिलो आँपले आन्तरिक पर्यटक आकर्षित गर्ने पर्याप्त आधार रहेको छ ।

किसानको मेहनत, आधुनिक प्रविधिको प्रयोग, प्रभावकारी बजार व्यवस्थापन र सरकारी सहयोगलाई एकीकृत गर्न सके श्रीपुरले भविष्यमा नेपालको फलफूल उत्पादन र कृषि पर्यटनको सफल नमुनाका रूपमा स्थापित हुने सम्भावना प्रबल रहेको वडाध्यक्ष रामको कथन छ । कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार सप्तरीमा यसवर्ष आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन आँप उत्पादन भएको छ ।

तराईको उर्वर भूमि र अनुकूल हावापानीका कारण सप्तरीलाई आँप उत्पादनको केन्द्र मानिन्छ । मिठास र स्वादका लागि देशभर प्रसिद्धि कमाएको सप्तरीको आँपले यसवर्ष पनि किसानलाई राम्रो आम्दानी दिएको छ । प्रदेश सरकारले फलफूलखेती विस्तार, व्यावसायिक बगैँचा प्रवर्द्धन, उन्नत बिरुवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशनकुमार मेहता बताउनुहुन्छ । उहाँका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

आँप उत्पादनका लागि अग्रणी मानिएको मधेस प्रदेशमा यसवर्ष आँपखेतीको क्षेत्रफल बढेपनि उत्पादन र उत्पादकत्वमा कमी आएको छ । कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ । उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत ९ दशमलव ४ मेट्रिकटन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिकटन आँप उत्पादन भएको बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो ।अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिकटन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो । यस आधारमा हेर्दा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिकटनले घटेको देखिएको छ ।

निर्देशनालयका अनुसार यसवर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिकटन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ । जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलमा ५४ हजार ३७८ मेट्रिकटन आँप उत्पादन भएको छ । त्यसैगरी सर्लाहीमा दुई हजार १०० हेक्टरमा १३ हजार २० मेट्रिकटन, महोत्तरीमा तीन हजार हेक्टरमा २९ हजार ७०० मेट्रिकटन, धनुषामा तीन हजार ३२५ हेक्टरमा २३ हजार २७५ मेट्रिकटन, बारामा एक हजार ४९५ हेक्टरमा २० हजार ६३१ मेट्रिकटन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलमा पाँच हजार ९६३ मेट्रिकटन आँप उत्पादन भएको तथ्याङ्क छ ।

मधेस प्रदेश मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादनका लागि परिचित छ । यहाँ उत्पादन हुने आँप प्रदेशभित्रका साथै सङ्घीय राजधानी काठमाडौँ र देशका अन्य प्रमुख बजारमा आपूर्ति हुँदै आएको छ ।

प्रदेश सरकारले फलफूल खेती विस्तार, व्यावसायिक बगैँचा प्रवर्द्धन, उन्नत बिरुवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि निर्देशनालयका प्रमुख जितेन्द्र यादवले बताउनुभयो । उहाँका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# माइखोला बेलासेमा बेलीब्रिज जडान सम्पन्न, सवारी सञ्चालन

फिक्कल । इलाम सदमुकामबाट झापाको व्यापारिक केन्द्र बिर्तामोड जोड्ने छोटो दूरीको केचना-कञ्चनजङ्घा सडक (मेची कोरिडोर) अन्तर्गत माइखोला बेलासेमा बेलीब्रिज जडान सम्पन्न भएको छ। इलाम गरपालिका-११ को सोयाक र माइ नगरपालिका-९ को चिसापानी जोड्ने माइखोला बेलासेमा चालु आर्थिक वर्षमा सङ्घीय सरकारको रु एक करोड ११ लाख २८ हजार ९२३ को लागतमा बेलीब्रिज जडान सम्पन्न भएको हो ।

सडक डिभिजन कार्यालयका प्रमुख पवन भट्टराईका अनुसार माइखोला बेलासेको बेलीब्रिज निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ । १८० फिट लम्बाइ र १४ फिट चौडाइको उक्त बेलिब्रिज निर्माणको जिम्मा बिबी-मेरिस्का-मल्लिका-साइना जेभीले पाएको थियो । भारत सरकारबाट अनुदानस्वरुप प्राप्त भएको बेलिब्रिज निर्माणका सामग्री भारतीय प्राविधिक आएर जडा गरेकाले काम सम्पन्न भएको उहाँले जानकारी दिनुभयो ।

यहाँ रहेको पक्की पुल गत असोज १८ गतेको वर्षासँगै आएको बाढीले भाँचेपछि बेलीब्रिज जडान गरी यातायात सञ्चालन गरिएको सुचारु गरिएको प्रमुख पवन भट्टराई बताउनुभयो । पुल भाँचिएपछि सडक डिभिजन कार्यालयले हिउँदयाममा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गरेको थियो । बेलीब्रिज जडान भएपछि ताप्लेजुङ र पाँचथरका विभिन्न क्षेत्रबाट इलामको नेपालटार-मङ्गलबारे हुँदै झापा जान र झापाबाट पाँचथर र ताप्लेजुङ फर्कन यातायात व्यवसायी र यात्रीलाई सहज भएको छ । मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९, माइखोलास्थित राजदुवाली मा दैनिकजसो सडक अवरुद्ध हुन थालेपछि अधिकांश यातायात व्यवसायीले यो मार्ग प्रयोग गर्न थालेका छन् ।

पाँचथरको रविबाट झापाको बिर्तामोड सवारी सञ्चालन गर्दै आउनुभएका चालक सुमन रम्तले बेलिब्रिज जडानसँगै व्यवसायीलाई राहत मिलेको बताउनुभयो । "मेची राजमार्गअन्तर्गत राजदुवाली क्षेत्रमा पानी पर्नासाथ सडक अवरुद्ध हुने समस्याले यातायात व्यवसायी र यात्रीले हैरानी खेप्नु परिरहेको थियो भने जोखिम पनि उत्तिकै छ", उहाँले भन्नुभयो, "यो सडक सञ्चालन भएपछि हामीलाई आवागमन मा सहज भएको छ ।"

यस्तै, मेची कोरिडोरअन्तर्गत पर्ने पुवाखोलामा पनि बेलीब्रिज निर्माण भइरहेको छ । इलाम नगरपालिका-९ गोलाखर्क र वडा नं ११ सोयाक जोड्ने पुवाखोलामा बेलीब्रिज जडानका लागि भौतिक संरचनाहरू तयार भइसके जनाउँदै सडक डिभिजन कार्यालयका कार्यालयका सूचना अधिकारी इन्जिनियर अर्जुन घिमिरेले भारतबाट अनुदानस्वरुप प्राप्त भएको बेलिब्रिज निर्माणका सामग्री ढुवानी गरी जडान गर्न बाँकी रहेको बताउनुभयो ।

सङ्घीय सरकारको रु दुई करोड २० लाख ३४ हजार २३१ को लागतमा बेलिब्रिज जडानको जिम्मा असार मसान्तसम्म सक्ने गरी बिबी-मेरिस्का-मल्लिका-साइना जेभीले पाएको घिमिरेले बताउनुभयो । "बेलिब्रिजका लागि भौतिक संरचनाहरू तयार भइसकेका छन् तर बेलिब्रिज निर्माणका सामग्री ढुवानी नभएकाले जडान हुन सकेको छैन", उहाँले भन्नुभयो, "ढुवानी र जडानका लागि अझ केही समय लाग्ने देखिन्छ ।"

सो स्थानमा गत वर्ष सङ्घीय सरकारको रु एक करोड ४३ लाख ७६ हजार २९७ बराबरको लागतमा जडान गरिएको बेलिब्रिज पनि गत असोज १८ गते आएको बाढीले बगाएपछि सडक पूर्णरूपमा बन्द छ । बेलीब्रिज निर्माण सम्पन्न भएपछि वर्षात्को समयमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुमका केही क्षेत्रमा सहज र नियमित यातायात सञ्चालन हुनेछ । यसले त्यस क्षेत्रमा सामान ढुवानी गर्न र यात्रीलाई आवतजावतमा सहज हुने अपेक्षा गरिएको छ ।

मेची राजमार्गको वैकल्पिक सडकका रूपमा लिइएको सो सडकको इलामबाट बिर्तामोडसम्म ५० किलोमिटर दूरी रहेको छ । इलाम खण्डको माई नगरपालिका क्षेत्रमा १५ किलोमिटर सडक कालोपत्र भइसकेको छ । बाँकी ठेक्का लागेर निर्माण भइरहेको छ । यस्तै सिमलगोला-तिल्केनी सडकअन्तर्गत जोगमाई खोलामा बेलीब्रिज निर्माण सुरु भएको छ । सङ्घीय सरकारको रु तीन करोड ३७ लाख चार हजार १२६ को लागतमा जडान हुने सो बेलीब्रिज निर्माणको जिम्मा डिसी कन्ट्रक्सन प्रालि उदयपुरले पाएको छ ।

बेलीब्रिज जडानका लागि भौतिक संरचना तयार भइसके पनि भारतबाट अनुदानस्वरुप प्राप्त भएको बेलिब्रिज निर्माणका सामग्री हालसम्म ढुवानी नभएकाले जडान हुन नसकेको इन्जिनियर घिमिरेले जानकारी दिनुभयो । उक्त स्थानमा गतवर्ष सङ्घीय सरकारको रु एक करोड ९१ लाख २१ हजार ६३२ को लागतमा निर्माण गरिएको बेलिब्रिज पनि गत असोज १८ को बाढीले बगाएको थियो । उहाँका अनुसार निर्माणाधीन पुवाखोला र जोगमाई खोलाको बेलिब्रिज २३० फिट लम्बाइ र १४ फिट चौडाइको हुनेछ ।

भारत सरकारले बेलीब्रिज निर्माणका सामग्री नपठाउँदा काममा ढिलाइ

दुवै खोलामा बेलीब्रिज जडानका लागि भौतिक संरचना तयार भए पनि भारतबाट बेलीब्रिज निर्माणका लागि आवश्यक पर्ने सामग्री समयमा नपठाउँदा काममा ढिलाइ भइरहेको डिभिजन प्रमुख भट्टराईले बताउनुभयो । डेढ महिना अघि सबै संरचना तयार भएको जानकारी पत्र भारतमा पठाइएको भन्दै हालसम्म आवश्यक सामग्री ढुवानी नहुँदा काम रोकिएको उहाँले बताउनुभयो । "भारत सरकारले आफैँ ढुवानी गरेर जडान समेत गरिदिने भन्ने सहमति भएको हो । तर त्यसका लागि अहिलेसम्म आवश्यक सामग्री ढुवानी भएको छैन", इन्जिनियर घिमिरेले भन्नुभयो, "यस विषयमा जानकारी लिँदा यता पठाउन तयार गरिएका सामग्री प्राकृतिक विपद्का कारण उतै प्रयोग भएकाले ढिलाइ भएको जानकारी पाएका छौँ ।" यथाशीघ्र ती सामग्री यता ढुवानी गरिदिनका लागि परराष्ट्र र गृह मन्त्रालयमार्फत पहल भइरहेको उहाँले बताउनुभयो ।

"भन्सारका जाँचका लागि चार दिनअघि मात्र भारत सरकारले कागजात पठाएको जानकारी पाएका छौँ । सम्भवत सोमबारसम्ममा फाइल बन्छ", सडक डिभिजन कार्यालयका प्रमुख भट्टराईले भन्नुभयो, "अबको करिब एक सातामा सबै सामग्री ढुवानी हुने सम्भावना छ, तर निश्चित भने भएको छैन ।" प्राविधिक टोली पनि आएमा एउटा जडान गर्न करिब दुई साता लाग्न जनाउँदै उहाँले प्राविधिक टोली पनि आएमा एक महिनामा दुवै बेलीब्रिज जडान भइसक्ने उल्लेख गर्नुभयो ।

# पशुपतिमा साउने सोमबारको तयारीः सफाइ अभियान सुरु

काठमाडौं । साउन महिनामा आराध्यदेव भगवान् पशुपतिनाथको पूजाआराधना एवं दर्शनका लागि आउने भक्तजनको सहजताका लागि पशुपति क्षेत्रमा सफाइ अभियान सुरु गरिएको छ ।

साउन महिना र सोमबार आशुतोष भगवान् शिवको महिना र बार मानिने भएकाले एकैदिन लाखौं भक्तजन पशुपतिनाथको पूजाआराधना एवं दर्शनका लागि आउने गर्दछन् । भक्तजनलाई सहज रूपमा सेवा दिने उद्देश्यले पशुपति क्षेत्र विकास कोषले आजदेखि सफाइ अभियान सुरु गरेको कार्यवाहक सदस्य सचिव एवं कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठले संचार कर्मीहरुलाई जानकारी दिनुभयो ।

पहिलो दिन शनिबार पशुपतिनाथ मूल मन्दिर क्षेत्रबाट सूर्यघाटसम्म सफाइ गरिएको छ । यस अभियानलाई आइतबार अपराह्नपछि पनि निरन्तरता दिइने उहाँले बताउनुभयो ।

आइतबार मूल मन्दिर बन्द भएपछि सूक्ष्म रूपमा सफाइ गर्न लागिएको जनाउँदै यसमा सुरक्षा निकायलाई पनि सहभागी गराइने उहाँले उल्लेख गर्नुभयो । पहिलो दिनको पशुपति क्षेत्रको सफाइमा दर्जन बढी सङ्घसंस्थाको सहभागिता थियो ।

कोषले आजदेखि सुरु गरेको सफाइ अभियानलाई प्रत्येक हप्ताको शनिबार पनि निरन्तरता दिने तयारी गरिएको कोषाध्यक्ष श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार साउनका लागि भने आइतबार र अन्य दिनमा पनि आवश्यकताअनुसार विशेष सफाइ अभियान सञ्चालन गरिने छ ।

# कृत्रिम अभाव गरेको देखिए खबर गर्न अनुरोध

चितवन । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले कृषि क्षेत्रमा कालोबजारी, कृत्रिम अभाव सृजना गर्ने, कृषि सामग्री लुकाउने वा कृत्रिम रूपमा मूल्यवृद्धि गर्ने गतिविधि देखिए तत्काल मन्त्रालयको हटलाइन नम्बरमा सम्पर्क गर्न किसान, उपभोक्ता तथा सर्वसाधारणलाई अनुरोध गर्नुभएको छ ।

शनिबार जिल्लाका विभिन्न स्थानमा पुगी कृषि क्षेत्रको छड्के अनुगमन तथा किसानहरूसँग विद्यमान समस्या र समाधानका उपायबारे संवाद गर्दै उहाँले बजारमा कालोबजारी तथा कृत्रिम अभाव सृजना गर्ने, कृषि सामग्री लुकाउने तथा कृत्रिम रूपमा मूल्यवृद्धि गर्ने जस्ता गतिविधि भएमा तत्काल जानकारी गराउन सरोकार भएका सबैलाई आग्रह गर्नुभयो ।

उहाँले मन्त्रालयमा यस्ता उजुरी प्राप्त हुनासाथ सम्बन्धित निकाय परिचालन गरी तत्काल अनुगमन गरिने र दोषी ठहरिएका व्यक्ति वा व्यवसायीमाथि कानुनबमोजिम कडा कारबाही गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । किसानको हितविपरीत हुने कुनै पनि गतिविधिप्रति सरकार शून्य सहन-शीलता को नीतिमा रहेको उहाँको भनाइ छ । बाली लगाउने मुख्य समयमा किसानले सहज रूपमा मल, बीउ, विषादी तथा अन्य कृषि सामग्री पाएका छन् वा छैनन्, बजारमा कालोबजारी, कृत्रिम अभाव तथा कृत्रिम मूल्यवृद्धि भए/नभएको अवस्थाबारे स्थलगत रूपमा मन्त्री चौधरीले जानकारी लिनुभएको हो । उहाँले चितवनका विभिन्न पालिका तथा खेतबारीमा पुगेर किसानसँग प्रत्यक्ष भेटघाट तथा संवाद गर्नुभएको हो ।

मन्त्री चौधरीले रोपाइँलगायत मौसमी बालीको अवस्था, मल-बीउको उपलब्धता, उत्पादन लागत, सिँचाइ, बजार व्यवस्थापन तथा किसानले भोगिरहेका समस्याबारे जानकारी लिनुभयो । किसानका गुनासा र सुझाव सुनेपछि सम्बन्धित सरकारी निकायका अधिकारीहरूसँग टेलिफोनमार्फत समन्वय गर्दै देखिएका समस्या तत्काल समाधान गर्न निर्देशन दिनुभयो । मन्त्री चौधरीले कृषि उत्पादन बढाउन किसानलाई समयमै आवश्यक कृषि सामग्री उपलब्ध गराउने, कालोबजारी नियन्त्रण गर्ने र कृषि क्षेत्रका समस्या समाधान गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो ।

# पहिरोले सालभ्ञण्डी-ढोरपाटन सडक अवरुद्ध, यात्रु अलपत्र

ढोरपाटन । पहिरोले राष्ट्रिय गौरवको आयोजना सालझण्डी-ढोरपाटन सडक अवरुद्ध भएको छ । बुर्तिबाङ-ढोरपाटन सडकखण्ड अन्तर्गत ढोरपाटन नगरपालिका- ९ फल्लेघरमा शनिबार बिहान सडक माथिदेखि झरेको पहिरोले सडक पूर्ण रुपमा अवरुद्ध भएको हो ।

सडक अवरुद्ध हुँदा नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन घुम्न आएका पर्यटक अलपत्र परेका छन् । शुक्रबार साँझ नै ढोरपाटन पुगे पर्यटक फर्किन पाएका छैनन् भने बिदामा घुम्न हिँडेका पर्यटक फल्लेघरमै अलपत्र परेका हुन् । मेसिन प्रयोग गरेर सडक खुलाउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीले जानकारी दिनुभयो । सडक अवरुद्ध हुँदा धेरै यात्रु सडकमै अलपत्र परेको उहाँको भनाइ छ । त्वातीले भन्नुभयो, "बिहानदेखि सडक अवरुद्ध छ, अहिलेसम्म खुलेको छैन, सडक नखुल्दा ढोरपाटन जाने र फर्किने यात्रु समस्यामा परेका छन्, यद्यपि सडक खुलाउनका लागि मेसिन भने प्रयोग भइरहेको छ ।" ढोरपाटन घुम्न आउने पर्यटकलाई मौसम र सडकको अवस्था बुझेर मात्रै आउन उहाँले आग्रह गर्नु भयो । यो याममा ढोरपाटन आउने पर्यटकको घुइँचो नै लाग्ने गर्छ ।

# सगरमाथा वृक्षरोपण अभियानः पर्वतमा दुई हजारभन्दा बढी बिरुवा रोपिए

पर्वत । नेपालले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता गरेअनुरूप विसं २०८२ देखि विसं २१०२ सम्म हरेक वर्ष असार १४ देखि साउन १५ सम्म एकमहिने सगरमाथा वृक्षरोपण महाअभियान सञ्चालन गर्दै आएको छ । उक्त अभियानअन्तर्गत पर्वतमा दुई हजार ५०० बिरुवा रोपिएको हो ।

गत वर्षदेखि सुरु भएको उक्त अभियानअन्तर्गत डिभिजन वन कार्यालय पर्वतको सहयोगमा जिल्लाका विभिन्न क्षेत्रमा जीवनोपयोगी बिरुवा रोपिएको हो । कुश्मा नगरपालिका-७ मा रहेको भड्खोरे सामुदायिक वन, वडा नं २ मा रहेको कालीगण्डकी छमर्केपातल सामुदायिक वन, जलजला गाउँपालिकामा रहेको एकसल्ले सामुदायिक वनमा वृक्षरोपण गरिएको हो ।

अभियानअन्तर्गत करिब दुई हजार ५०० बिरुवा रोपिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

वन क्षेत्रमा फलफूलजन्य बिरुवा रोपी उपभोक्ताको आयआर्जनमा सुधार गर्दै वन्यजन्तु तथा कार्बन उत्सर्जनमा टेवा पुर्‍याउने उद्देश्यले यस वर्ष झण्डै दुई हजार ५०० बिरुवा रोपिएको कार्यालयका प्रमुख हेमलाल न्यौपानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार आँप, कटहर, लिची, अम्बा, टिमुर, अमलालगायत पहाडी भेगमा रुख बनेर फल्ने फलफूल जातलाई सामदायिक वन, कबुलियती वन र सार्वजनिक र खाली रहेको जमिनमा रोपण गरिएको हो । स्थानीय सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा बिरुवा रोपिएको उहाँले बताउनुभयो ।

डिभिजन वन कार्यालयले निःशुल्क रूपमा उपलब्ध गराएका ती बिरुवाको रेखदेख र संरक्षणको जिम्मा भने उपभोक्ता समितिको रहने छ । यसबाट भएको आम्दानीसमेत उपभोक्ता समितिले नै लाभ लिनसक्ने भएका छन् । बिरुवा रोपनमा जिल्लास्थित सरकारी तथा सुरक्षा निकायले पनि सहजीकरण गरिरहेका वन कार्यालयले जनाएको छ ।

अहिले रोपिएका बिरुवाको उचित संरक्षण भएमा दुई वर्षभित्र आम्दानी हुन थाल्नेछ । यसले बाँदरसहित अन्य वन्यजन्तुको आतङ्क न्यूनीकरण गर्नुका साथै स्थानीयवासीको आयआर्जनमा सुधार गर्दै समग्र जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने डिभिजन वन कार्यालयका वनअधिकृत राजेश पोखेलले जानकारी दिनुभयो । विशेषगरी कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तनको असरलाई अनुकूलनमा योगदान, हिमालय र



त्यसको जलाधार क्षेत्रको संरक्षण, वातावरणीय पुनःस्थापना र जैविक विविधता प्रवर्द्धन, रोजगारी सिर्जना तथा स्थानीय समुदायको जीवनस्तर सुधार, भावी पुस्ताको लागि सुरक्षित, हरित र समृद्ध वातावरणको निर्माण गर्ने उद्देश्यले वृक्षरोपण अभियान थालिएको पोखेलले जानकारी दिनुभयो ।

यसबाहेक कार्यालयमार्फत घाँससहित विभिन्न प्रजातिका गरी करिब ३० हजार बिरुवासमेत वितरण गरिएको छ । घाँस, फलफूल, जडिबुटीलगायत बिरुवा कार्यालयले निःशुल्क रूपमा वितरण गरेको हो । यस्तै, भू तथा जलाधार व्यवस्थापन कार्यालयले पनि बाँस, निगालो, राईखन्यु, बडहरलगायत विभिन्न प्रजातिका २० हजारभन्दा बढी बिरुवा वितरण गरिएको जनाइएको छ ।

# सूर्यविनायक पूर्ण खोप सुनिश्चितता नगर घोषणा

भक्तपुर । सूर्यविनायक नगरपालिकाले शुक्रबार नगरलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना नगर घोषणा गरेको छ । नगरपालिकाको कार्यालय कटुञ्जेमा आयोजित घोषणा कार्यक्रममा नगरप्रमुख वासुदेव थापाले औपचारिक रूपमा नगरपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना नगर घोषणा गर्नुभएको हो ।

नगरप्रमुख थापाले बालबालिकाको स्वास्थ्य संरक्षण र सुरक्षित भविष्य निर्माणमा नगरपालिका सफल भएको भन्दै नगरपालिका क्षेत्रमा बस्ने पाँच वर्ष मुनीका प्रत्येक बालबालिकाले सतप्रतिशत खोप पाएको बताउनुभयो । उहाँले घोषणालाई दिगोपना दिन थप कार्यक्रम ल्याउने बताउँदै नगरपालिकाले आफ्ना नागरिकलाई शिक्षा तथा स्वास्थ्य सहज र शुलभ पहुँचमा लगानी वृद्धि गरेको बताउनुभयो । नगर प्रमुख थापाले भन्नुभयो, "स्वास्थ्य क्षेत्रलाई नगरपालिकाले उच्च प्राथमिकतामा राखेको छ, त्यसकै परिणामस्वरूप पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सम्भव भएको हो, नगरपालिकाले आफ्ना नागरिकलाई सहज र शुलभ स्वास्थ्य उपचार नगर अस्पतालबाट दिँदै आएको छ, स्वास्थ्य, शिक्षा तथा बालमैत्री स्थानीय शासनका क्षेत्रमा नगरपालिकाले सफलता हात पारेको छ ।"

वडा नं ७ का वडाध्यक्ष रविन्द्र सापकोटाले खोप अभियानले जन्मदेखि २३ महिनासम्मका बालबालिकालाई घरघरमै पुगेर खोजी गरेर खोप लगाउन सफल भएको बताउनुभयो ।

## वन तस्करीमा बरामद सवारीसाधन लिलामी गरिँदै

चितवन । डिभिजन वन कार्यालय चितवनले वन क्षेत्रमा अवैध रूपमा काठ, दाउरा तथा अन्य वन पैदावार ओसारपसारका क्रममा बरामद भई वर्षौंदेखि बेवारिसे अवस्थामा रहेका सवारीसाधन लिलामी प्रक्रिया अघि बढाएको छ ।

लिलामीबाट करिब रु ३२ लाख ५० हजार राजस्व सङ्कलन हुने अपेक्षा गरिएको कार्यालयले जनाएको छ । डिभिजनल वन अधिकृत विष्णुप्रसाद आचार्यका अनुसार विशेषगरी कोरोना महामारीको समय र त्यसअघि बरामद गरिएका तर कसैले हकदाबी नगरेका ३२७ वटा साइकल, ५७ वटा मोटरसाइकल तथा ३० वटा तीनपाङ्ग्रे र चारपाङ्ग्रे सवारीसाधन कार्यालय परिसरमा वर्षौंदेखि थन्किएका थिए ।

सो क्रममा उहाँका अनुसार लामो समयसम्म ती सवारीसाधन व्यवस्थापन हुन नसक्दा कार्यालय परिसर नै अव्यवस्थित र अशोभनीय देखिन थालेपछि जिल्ला प्रशासन कार्यालयको कसुरजन्य सम्पत्ति व्यवस्थापन समितिको निर्णयका आधारमा वन ऐन, २०७६ को दफा ६४ को उपदफा (३) बमोजिम लिलामी प्रक्रिया अघि बढाइएको हो ।

कार्यालयले पहिलो चरणमा २६८ वटा बेवारिसे साइकल पत्रु मूल्यमा रु दुई लाख ५२ हजार (मूल्य अभिवृद्धि करबाहेक) मा लिलामी गरिसकेको छ । बाँकी ५७ वटा मोटरसाइकल तथा २८ वटा तीनपाङ्ग्रे, चारपाङ्ग्रे सवारीसाधन र ट्याक्टरलगायतका साधन पत्रु मूल्यमा बिक्री गर्न प्राविधिक टोलीबाट करिब रु साढे ३२ लाखको मूल्याङ्कन स्वीकृत भइसकेको आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार लिलामी गरिने सवारीसाधनको इन्जिन र च्यासिस नम्बर काटेर कवाडीका रूपमा बिक्री गरिनेछ । "लामो समयदेखि थन्किएका सवारीसाधनका कारण कार्यालय परिसर कवाडीखानाजस्तै बनेको थियो । कानुनी प्रक्रिया पूरा गरेर अहिले व्यवस्थापनको अन्तिम चरणमा पुगेका छौँ", उहाँले भन्नुभयो ।

कार्यालयका अनुसार लिलामी प्रक्रिया ढिलोमा साउनभित्र सम्पन्न गरी प्राप्त रकम राज्य कोषमा दाखिला गरिनेछ । वन अपराधसँग सम्बन्धित मुद्दा वा अनुसन्धानका क्रममा रहेका २० वटा मोटरसाइकलका सम्बन्धमा भने जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी साउन भदौभित्र आवश्यक निर्णय गरिने जनाइएको छ ।

आचार्यले अदालती प्रक्रियामा रहेका एक-दुई वटा सवारीसाधनबाहेक कार्यालय परिसरमा रहेका सबै पुराना कवाडी सवारीसाधन साउनभित्र व्यवस्थापन गरिसक्ने लक्ष्य रहेको बताउँदै यसलाई देशभरका वन कार्यालयका लागि अनुकरणीय अभ्यासका रूपमा स्थापित गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

## निर्वाचन आयुक्तमा डा तुलाधर

काठमाडौँ । निर्वाचन आयोग नेपालको कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी आयुक्त डा जानकीकुमारी तुलाधरले सम्हाल्नुभएको छ ।

यसअघिका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी यही असार २३ गते ६५ वर्ष उमेर हदका कारण अवकाश भएपछि त्यसपछिको वरियतामा रहनुभएका आयुक्त डा तुलाधरलाई सो जिम्मेवारी सरेको हो । आयुक्त भण्डारीकै नेतृत्वमा गत फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो । पाँच सदस्यीय हुने आयोगका हाल आयुक्त डा तुलाधर र आयुक्त सगुनशमशेर जबरा कायम हुनुहुन्छ । तत्कालीन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको २०८२ वैशाख ५ गते र तत्कालीन निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेलको २०७९ फागुन ४ गते कार्यकाल सकिएको थियो ।

संसदीय सुनुवाइ समितिले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तका लागि सिफारिस गरिएका तीन जनाविरुद्ध उजुरी आह्वानसहित सुनुवाइ प्रक्रिया सुरु गरेको छ । संवैधानिक परिषद्ले मानबहादुर कार्की (मोरङ) लाई प्रमुख निर्वाचन आयुक्त तथा डा राजीव सुब्बा (काठमाडौँ) र गुरुप्रसाद वाग्ले (ओखलढुङ्गा) लाई निर्वाचन आयुक्तमा सिफारिस गरेको छ ।

## वैदेशिक रोजगारीका नाममा ठगी गर्ने पाँच जना पक्राउ

काठमाडौँ । वैदेशिक रोजगारीका लागि आकर्षक तलबको प्रलोभन देखाई विभिन्न देश पठाइदिने भन्दै रकम ठगी गरेको अभियोगमा पाँच जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार सिन्धुलीका ३६ वर्षीय कुनसाङ लामा, बर्दियाका ४२ वर्षीय धनबहादुर शाही, ताप्लेजुङका उमेश लिम्बु, तनहुँकी २१ वर्षीया सचिता परियार र खोटाङका ४१ वर्षीय निरोज राईलाई पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार कुनसाङले युएई पठाइदिने भन्दै एक जना पीडितबाट दुई लाख सात हजार रुपैयाँ, धनबहादुरले जर्जिया पठाइदिने भन्दै एक जना पीडितबाट दुई लाख ९५ हजार रुपैयाँ, उमेशले बेलारुस पठाइदिने भन्दै एक जना पीडितबाट पाँच लाख रुपैयाँ, सचिताले रोमानिया पठाइदिने भन्दै एक जना पीडितबाट एक लाख ५० हजार रुपैयाँ तथा निरोजले टर्की पठाइदिने भन्दै दुई जना पीडितबाट सात लाख ९० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएका थिए ।

पीडितहरूको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकुबाट खटिएको प्रहरी टोलीले कुनसाङलाई बुढानिलकण्ठ नगरपालिका-२, धनबहादुरलाई तारकेश्वर नगरपालिका-८, उमेशलाई टोखा नगरपालिका-५, सचितालाई काठमाडौँ महानगरपालिका-३ र निरोजलाई काठमाडौँ महानगरपालिका-४ बाट पक्राउ गरेको हो । कुनसाङ र धनबहादुर बिहीबार तथा उमेश, सचिता र निरोज शुक्रबार पक्राउ परेका हुन् । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।

## घाँसमा केन्द्रित पशुपालनमा जोड दिँदै तनहुँका दुई कार्यालय

तनहुँ । व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने उद्देश्यले यहाँका दुई कार्यालयले घाँसका बीउ उत्पादन गरी निःशुल्क वितरण गर्दै आएका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र डिभिजन वन कार्यालयले किसानलाई घाँस केन्द्रित पशुपालनमा जोड दिन बिरुवा उत्पादन गरी वितरण गरेको हो ।

डिभिजन वन कार्यालयबाट ५० हजार र भेटेरिनरीबाट ४० हजार गरी विभिन्न प्रजातिका ९० हजार घाँसका बिरुवा उत्पादन गरिएको हो । पशु सेवा विज्ञ केन्द्रले पशुपालन व्यवसायमा लागत कमी गराउने र किसानलाई यसतर्फ आकर्षित गराउने उद्देश्यले राइखनियो, किम्बु, बडहर, निमारो, टाँकी, नेपियार, मोलाटोलगायत घाँसका बिरुवा उपलब्ध गराएको छ ।

दाना र चोकर नखुवाइकन पनि दूध र मासु उत्पादन वृद्धि गर्न सकिने हुँदा उन्नत जातका घाँसका बिरुवालाई प्राथमिकता दिइएको केन्द्रका वरिष्ठ मत्स्यविकास अधिकृत रविनसन अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयलको आन्तरिक स्रोतबाट बिरुवा उत्पादनलाई बर्सेनि निरन्तरता दिइएको छ ।

"उत्पादनमा आधारित अनुदान कार्यक्रमले पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएको छ", उहाँले भन्नुभयो, "किसानलाई अनुदानका साथै गोठ निर्माण, गोठ सुधार र प्रजनन बोका प्रदान गर्दै आएका छौँ ।" त्यसैगरी डिभिजन वन कार्यालयबाट घाँसजन्य, काठजन्य र जडिबुटीजन्य बिरुवा उत्पादन पछि किसान र विभिन्न सङ्घसंस्थाको मागअनुरुप वितरण गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले बताउनुभयो ।

उहाँले भन्नुभयो, "उत्पादित मध्ये अधिकांश बिरुवा पशुपालन किसानलाई लक्षित गरेका छौँ । हामीले पशुपालक किसानका लागि घाँसका बिरुवा उत्पादनमा प्राथमिकता दिएका हौँ ।"

बिरुवा उत्पादनका लागि प्रदेश सरकारबाट बजेट विनियोजनमा प्राथमिकता नदिइँदा गत वर्षका तुलनामा यस वर्ष कम बिरुवा उत्पादन गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

## मानव सेवा आश्रमलाई राष्ट्रिय पुरस्कार



कास्की । यस वर्षको श्रीपति समाज सेवा राष्ट्रिय पुरस्कार मानव सेवा आश्रमलाई प्रदान गरिने भएको छ ।

श्रीपति कोइराला गुठी पोखराले स्थापना गरेको यस पुरस्कार राशि नगद रु दुई लाख २२ हजार २२२ रहेको छ । गुठीले शनिबार श्रीपतिको २१९औं जन्म दिन पारेर पोखरामा कार्यक्रम आयोजना गरी पुरस्कार घोषणा गरेको हो ।

गुठीका अध्यक्ष फणीन्द्रराज कोइरालाले मानवीय सेवामा देशभर क्रियाशील रहेको मानव सेवा आश्रमलाई पुरस्कार प्रदान गर्नका लागि छनोट समितिको सिफारिसअनुसार निर्णय गरिएको बताउनुभयो ।

उहाँका अनुसार स्व श्रीपतिको स्मृति र सम्मान राष्ट्रियस्तरमा फैलाउने उद्देश्यअनुरुप नेपालभर रहेर उत्कृष्ट समाज सेवा गरी उल्लेख्य योगदान पुऱ्याउने संस्था तथा व्यक्तिलाई हरेक वर्ष पुरस्कार प्रदान गर्ने गरिएको छ ।

मानवसेवा आश्रमले विगत १३ वर्षदेखि खुला आकाशमुनि सडक पेटी एवं सार्वजनिक स्थलहरूमा कष्टपूर्ण जीवनयापन गर्न विवश सहयोगापेक्षीहरुको हितका काम गर्दै आएको छ । आश्रमले बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, शारीरिक तथा मानसिकरुपमा कमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण, संरक्षण एवं पारिवारिक पुनर्मिलनको सेवामा समर्पित भई तिनीहरूको मानवोचित व्यवस्थापन गरी समाज सेवामा विशिष्ट पहिचान स्थापित गरेको छ । मकानपुरमा केन्द्रीय कार्यालय रहेको आश्रमको हाल देशका २३ जिल्लामा ३४ सेवा केन्द्रमार्फत करिब दुई हजार २०० जनालाई सेवा प्रदान गरेको छ ।

गुठीले विसं २०७९ देखि यो पुरस्कार प्रदान गर्दै आएको छ । पहिलोपटक माइती नेपाललाई प्रदान गरी सुरुआत गरिएको थियो । त्यसपछि राष्ट्रिय आविस्कार केन्द्र काठमाडौँ, पद्मम भुवनेश्वरी नमूना सेवाश्रम सर्लाही, विन्दवासिनी धार्मिक क्षेत्र विकास समिति पोखरा र गत वर्ष तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौँका निर्देशक डा सन्दुक रुइत सम्मानित हुनुभएको छ ।

पोखरा-४ गैह्रापाटनमा विसं १८६४ असार २७ गते जन्मिनुभएका श्रीपतिले अध्ययनको सिलसिलामा भारत वनारसमा ज्योतिषशास्त्र, धर्मशास्त्र तन्त्रविद्या, आर्युर्वेदलगायतको उच्च शिक्षा अध्ययन गर्नु भई सरकारी जागिरको साथ साथै धार्मिक तथा समाजसेवा र मानवकल्याणमा आफ्नो जीवन व्यतीत गर्नुभएको थियो ।

उहाँले पोखरा र पर्वतमा जग्गा खरिद गरी पाटीपौवा, मन्दिर स्थापना गरी साधुसन्त बटुवा र सन्यासीका लागि बाटो, चौतारा, पौवा समेत बनाउनुभएको गुठीका सचिव नवराज कोइरालाले जानकारी दिनुभयो ।

स्व श्रीपतिले स्थापना गरेका मन्दिर पौवा र ऐतिहासिक विरासतलाई संरक्षण गर्दै उहाँको मानव कल्याणको अभियानलाई जीवन्त बनाई राख्ने उद्देश्यले विभिन्न विधामा पुरस्कार छात्रवृत्ति, आर्थिक सहयोगका कार्यक्रम गुठीले गर्दै आएको छ ।

## ठमेलले नेपाललाई अन्तरराष्ट्रियस्तरमा चिनाएको छः मन्त्री श्रेष्ठ

काठमाडौँ । बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले पर्यटकीय क्षेत्र ठमेलले नेपाललाई अन्तरराष्ट्रियस्तरमा चिनाएको बताउनुभएको छ ।

ठमेल पर्यटन विकास परिषद्को शनिबार आयोजित ३० र ३१ औं वार्षिक साधारणसभा तथा निर्वाचनका क्रममा उहाँले नेपालको पर्यटन क्षेत्रको विकासमा ठमेलको योगदान महत्वपूर्ण भएको बताउनुभयो ।

मन्त्री श्रेष्ठले बागमती प्रदेशले पर्यटन प्रवर्द्धन र पर्यटक पूर्वाधारको विकासका लागि आर्थिक वर्ष २०८३/८४ का लागि चार अर्ब बजेट विनियोजन गरेको बताउनुभयो । उहाँले ठमेल क्षेत्रमा व्यापार व्यवसाय गर्दै आएका कतिपय व्यवसायी घरभाडा समेत तिर्न नसक्ने अवस्थामा परेको उल्लेख गर्दै त्यस्ता व्यवसायीको पनि समस्याका लागि परिषद्ले काम गर्नुपर्ने उल्लेख गर्नुभयो ।

काठमाडौँ महानगरपालिका-१६ की वडाअध्यक्ष रोजिना श्रेष्ठले सुरक्षित, व्यवस्थित र प्रविधियुक्त ठमेल निर्माणका लागि परिषद्ले काम गर्नुपर्नेमा जोड दिनुभयो । नेपाललाई विश्वस्तरमा चिनाउनका लागि ठमेल क्षेत्रले सहयोग पुऱ्याउँदै आएको उहाँको भनाइ छ ।

नेपाल एसोसिएसन टुर्स एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले नेपाल आउने अधिकांश विदेशी पर्यटक ठमेल एकपटक आउने गरेको बताउँदै पछिल्लो समय ठमेल साँघुरो हुँदै गएको बताउनुभयो । हवाई क्षेत्रमा लगानी नबढ्दासम्म नेपालको पर्यटक क्षेत्रले गति लिन नसक्ने उहाँको भनाइ थियो ।

परिषद्का अध्यक्ष ध्रुव अधिकारीले ठमेल क्षेत्रको विकासका लागि परिषद्ले व्यवसायी र घरधनीसँग सहकार्य गरेर काम गरिरहेको बताउनुभयो । उहाँले अन्तरराष्ट्रिय स्तरको रुपमा रहेको ठमेललाई सङ्घीय सरकारले विशेष योजना बनाएर विकास गर्नुपर्ने उल्लेख गर्नुभयो ।

परिषद्का पूर्वअध्यक्ष डा रामशरण थपलिया, उपाध्यक्ष सहदेव धमला (विमल), महासचिव बद्री तिमल्सिनालगायतले ठमेल क्षेत्रलाई विशेष पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नुपर्ने बताउनुभयो । विसं २०४८ सालमा स्थापना भएको ठमेल पर्यटन विकास परिषद्मा हाल एक हजार ५०० भन्दा बढी घरधनी तथा व्यवसायी आबद्ध हुनुहुन्छ ।

## स्याउ निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य

मान्म । कालीकोटको तिलागुफा नगरपालिकाले नगर क्षेत्रभित्र उत्पादित स्याउ जिल्ला बाहिर निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य गरेको छ ।

स्थानीय उत्पादनको गुणस्तर प्रमाणीकरण तथा निर्यात व्यवस्थापनलाई व्यवस्थित र पारदर्शी बनाउन यस्तो व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ । नगर क्षेत्रमा उत्पादित स्याउको गुणस्तर र स्वच्छता कायम गर्दै बजारमा तिलागुफाको स्याउको विश्वसनीयता जोगाउन सिफारिस अनिवार्य गरिएको हो । जिल्ला बाहिर स्याउ निर्यात गर्ने कृषक तथा व्यवसायीले नगरपालिकाले तोकेको मापदण्डअनुसार सिफारिस लिएर मात्रै स्याउ निकासी गर्न पाउने व्यवस्था गरिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद काफ्लेले बताउनुभयो । "निर्यात प्रक्रियालाई व्यवस्थित बनाउन नगर पालिकाले तीन चरणको प्रक्रिया तय गरेको छ, जसको पालना कृषक र व्यवसायीले अनिवार्य रूपमा गर्नुपर्नेछ", उहाँले भन्नुभयो, "स्याउ ढुवानी तथा निर्यात गर्नुभन्दा कम्तीमा तीन दिनअघि कृषक वा व्यवसायीले स्याउको परिमाण र निर्यात गन्तव्य स्पष्ट उल्लेख गरी नगरपालिकाको कृषि सेवा केन्द्रमा निवेदन पेस गर्नुपर्नेछ ।" "प्राविधिक टोलीले तयार पारेको प्रतिवेदनका आधारमा नियमानुसारको राजस्व बुझाएपछि मात्रै कार्यालयबाट आधिकारिक निकासी सिफारिस पत्र प्रदान गरिनेछ", काफ्लेले भन्नुभयो, "यस व्यवस्थाले तिलागुफाको पहिचान बनेको स्याउको बजार व्यवस्थापन लाई थप व्यवस्थित, गुणस्तरीय र व्यावसायिक बनाउन सहयोग पुग्नेछ ।" कालीकोटको प्रमुख स्याउ उत्पादन क्षेत्र भएकाले उत्पादित स्याउको गुणस्तर कायम राख्न नयाँ व्यवस्था लागू गरिएको कृषि विकास अधिकृत गोविन्द भट्टले बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com